[प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ द्वारा स्थापित]

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

## कोशी प्रदेश, भद्रपुर, झापा

पत्र संख्या :

चलानी नं. :

मिति :२०८१/०३/१०

ने.स. ११४४ तछलागा-१८

## लिलाम बिक्री सम्बन्धि डाँक बढाबढको सूचना

(प्रथम पटक सूचना प्रकाशित भएको मिति २०८१/०३/१०)

यस प्रतिष्ठानको मिति २०८०/०३/१० गतेको निर्णयानुसार यस प्रतिष्ठानमा भएका पुराना काठका फर्निचरहरु र इलेक्ट्रोनिक्स सामानहरु लिलाम बढाबढबाट बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले उल्लेखित शर्तहरुको अधिनमा रही लिलाम बढाबढमा भाग लिन यो १५ (पन्द्र) दिने सूचना प्रकाशन गरिएको छ ।

**<u>शर्तहरु :</u>**

१. काठका फर्निचरहरु र इलेक्ट्रोनिक्स सामानहरुको लिलाम बढाबढमा भाग लिन इच्छुक व्यक्ति, फर्म तथा संस्थाले लिलाममा भाग लिन पाउँ भनि रु. १०|०० को टिकट टाँसी यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनको अपरान्ह १.०० बजेसम्म यस प्रतिष्ठानमा निवेदन दर्ता गराउनु पर्नेछ । उक्त लिलाम बढाबढ कार्य सो दिनको २.०० बजे देखि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापामा हुनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट सोहि समयमा उक्त कार्य हुनेछ ।

२. डाँक बढाबढमा सहभागी हुन इच्छुक व्यक्तिले निवेदन साथ नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी र पान नं. तथा फर्म वा संस्थाको हकमा फर्म वा संस्थाले व्यक्ति तोकेको आधिकारीक पत्र साथ फर्म वा संस्था दर्ता प्रमाणपत्रको फोटोकपी, पान नं. दर्ताको फोटोकपी, आ.ब. २०७९/२०८० को कर चुक्ता प्रमाणपत्रको फोटोकपी संलग्न गरी निवेदन साथ पेश गर्नुपर्नेछ । सूचना बमोजिम लिलाम गरिने काठका फर्निचर र इलेक्ट्रोनिक्स सामानहरु हेर्न वा अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस प्रतिष्ठानको जिन्सी शाखा/प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ ।

३. काठका फर्निचरहरु र इलेक्ट्रोनिक्स सामानहरुको न्यूनतम मूल्य मु.अ.कर बाहेक रु. ४३९९३२।- (चार लाख उनन्चालीस हजार नौ सय बत्तीस मात्र) बाट डाँक बढाबढ शुरु हुने भएकोले उक्त मूल्यको ५ प्रतिशतले हुने रकम डाँक बढाबढ शुरु हुनु अगावै नगदै धरौटी राख्नु पर्नेछ र डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप हुँदै जानेछ । लिलाम रकम कवोल गर्दा सबै काठका फर्निचरहरु र इलेक्ट्रोनिक्स सामानहरुको एकामुष्ट रकम कबोल गर्नुपर्नेछ ।

४. लिलाम बिक्रीमा भाग लिई सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्ति, फर्म वा संस्थाले आफुले कबोल गरेको रकम र सोको १३ प्रतिशत मु.अ.कर समेत डाँक बढावढ स्वीकार गरेको तीन दिन भित्र राजश्व खातामा जम्मा गरी काठका फर्निचरहरु र इलेक्ट्रोनिक्स सामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा ७ दिन भित्रमा उठाई लगी सक्नुपर्नेछ । कबोल रकम तोकिएको समय भित्र नबुझाएमा धरौटी वापतको रकम जफत गरी प्रतिष्ठानको निर्णय बमोजिम दोश्रो बढी रकम कबोल गर्ने व्यक्ति, फर्म वा संस्थाबाट भ्याट सहित रकम बुझिलिई लिलामका काठका फर्निचरहरु र इलेक्ट्रोनिक्स सामानहरु उपलब्ध गराइनेछ ।

५. लिलाम मार्फत बिक्री भएको सामानहरु जस्तो अवस्थामा छ सोहि अवस्थामा लैजानु पर्नेछ । सकार गरिएको सामानहरुको नियमानुसार कर तिर्नुपर्ने भएमा सकारकर्ता आफैंले तिर्नु/बुझाउनु पर्नेछ ।

६. लिलाम स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस प्रतिष्ठानमा निहित रहनेछ ।

७. सूचनामा उल्लेख नभएका कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, नियमावली, २०७७ तथा आर्थिक कार्यविधि नियमावली, २०७५ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

२०८१/०३/१०

शाखा अधिकृत
अधिकृत आठौं

Website : pcgg.p1.gov.np

Email : provincetraining1@gmail.com

फोन नं. ०२३४५२१०८
०२३४५२०७८